# देवचुली नगरपालिका

## स्थानीय राजपत्र

खण्डः५ संख्याः३

प्रथम संशोधन सहित स्वीकृत मितिः२०७९/०९/२४

स्थानीय राजपत्रमा प्रकाशित मितिः२०७९/११/११


## भाग १

# देवचुली नगर शिक्षा ऐन, २०७६ प्रथम संसोधन २०७९

१. **दफा २४, उपदफा (१) मा संसोधनः** उपदफा १ को खण्ड (च), (छ) र (ज) मा उल्लेख गरिएको "प्रत्येक वर्ष परिवर्तन हुने" शब्दको सट्टा "प्रत्येक २ वर्षमा परिवर्तन हुने" भन्ने शब्द राखिएको छ।

सो उपदफामा खण्ड (ज) पछि एक खण्ड थपी देहाय वमोजिमका खण्ड थप गरी देहायका खण्डहरु राखिएको छ।

(झ) विभिन्न शिक्षा सँग सम्वन्धित सामाजिक संघ संस्थाहरुका प्रतिनिधिहरु, पुर्व शिक्षा कर्मी, शिक्षा प्रेमी हरु मध्येबाट नगर प्रमुखले मनोनित गर्ने २ जना -सदस्य

देवचुली नगरपालिका राजपत्र

(ञ) सम्वन्धित स्थानीय तहको शिक्षक महासंघको प्रतिनिधि - सदस्य
(ट) नगर शिक्षा अधिकारी - सदस्य सचिव

२. **उपदफा (३) मा संसोधनः** उपदफा ३ हटाई सो उपदफाको सट्टा देहायवमोजिमको उपदफा (३) राखिएको छ।

(३) उपदफा (१) को खण्ड (च), (छ) र (ज) वमोजिम समितिले मनोनित गर्ने सदस्यको हकमा प्रत्येक २ वर्षमा परिवर्तन गर्ने भनिएतापनि आवश्यकता अनुसार सो समितिले पूनः नविकरण गर्न वाधा पुर्याएको मानिने छैन।

३. **दफा २६ को संसोधनः** उपदफा (१) को खण्ड (घ) मा उल्लेख गरिएको "सम्वन्धित वडाको वडाध्यक्ष" को सट्टा "सम्वन्धित वडाको वडाध्यक्ष वा वडा समितिले सिफारिस गरेको व्यक्ति" भन्ने राखिएको छ। खण्ड (ङ) उल्लेख गरिएको "वरिष्ठ शिक्षक एक जनाजना १ शिक्षक प्रतिनिधि /" को सट्टा " शिक्षक तथा कर्मचारीले चुनेर पठाएको शिक्षक प्रतिनिधि १ जना " राखिएको छ।

उपदफा ४ को सट्टा देहाय वमोजिमको उपदफा ४ राखिएको छ।

व्यवस्थापन समितिको मनोनित सदस्य तथा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौटको प्रयोजनार्थ मत बराबर भएमा वडाध्यक्ष वा वडाध्यक्षले तोकेको वडा सदस्यले निर्णायक मत दिन सक्नेछ

४. **दफा २९ को संसोधनः** दफा २९ को उपदफा (१) को खण्ड (च) मा उल्लेख गरिएको "कुनै संघ संस्थाको अध्यक्ष वा मुख्य पदाधिकारी" को सट्टा "कुनै संघ संस्थाको अध्यक्ष वा प्रमुख" राख्ने। सो खण्डमा "यहाँ व्यवस्थापन समितिको सदस्य तथा अध्यक्ष छनौट प्रयोजनको लागि अध्यक्ष वा प्रमुख भन्नाले संघ संस्थाहरुको प्रमुख वा अध्यक्ष भई नियमित रुपमा तलब भत्ता सुविधा लिने गरेको व्यक्ति भन्ने संझनुपर्दछ" भन्ने वाक्याशं थपिएको छ।

उपदफा (२) पछी देहायको उपदफा (३) थपिएको छ।

(३) दफा २६ को उपदफा (१) ग वमोजिम हुने विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वढीमा २ कार्यकाल मात्र अध्यक्ष बन्न थपिएको छ ।

५. **दफा ३२ को उपदफा (४) संसोधनः** उपदफा ४ मा उल्लेख गरिएको " पदावधी ३ वर्ष" को सट्टा " पदावधी २ वर्ष " राखिएको छ ।

६. **दफा ३४ को उपदफा (१) संसोधनः** उपदफा १ को खण्ड (ग) को सट्टा देहाय वमोजिमको खण्ड (ग) राखिएको छ ।

(ग) संस्थागत विद्यालयको प्र.अ.हरु मध्येबाट १ जना - सदस्य

७. **दफा ५० को उपदफा (२) संसोधनः** उपदफा (२) मा उल्लेख गरिएको " विद्यालयमा कम्तिमा पाँच वर्ष स्थायी शिक्षकको रुपमा अनुभव भएको" को सट्टा " सम्वन्धित तहमा कम्तिमा पाँच वर्ष स्थायी शिक्षकको रुपमा अनुभव भएको " राखिएको छ ।

८. **दफा ५४ को उपदफा (१) संसोधनः** उपदफा (१) को खण्ड (ख) मा उल्लेख गरिएको " शिक्षा शाखा अधिकृत" को सट्टा " शिक्षा शाखा प्रमुख " राखिएको छ ।

९. **दफा ५७ को संसोधनः** दफा ५७ को उपदफा (११) पछी देहायको उपदफा (१२) थपिएको छ ।

(१२) दफा ५७ मा जुनसुकै कुरा लेखिएको भएतापनि शिक्षक दरवन्दी मिलान र तहगत शिक्षक व्यवस्थापन गर्ने प्रयोजनको लागि नगरपालिका भित्रका सम्पूर्ण स्थायी, करार तथा राहात दरवन्दीलाई नगरपालिकाको एकमुष्ट दरवन्दी कायम गरी सो दरवन्दीलाई नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले निर्णयबाट व्यवस्थापन गर्ने विषयलाई बाधा पुर्याएको मानिने छैन ।

आज्ञाले
मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

देवचुली नगरपालिका राजपत्र